## टिमुर रोपण समय



तयारी बिरुवालाई असार महिना भित्रै तयारी खाडलमा प्लाष्टिक थैला ब्लेडले चिरेर निकाली उक्त थैलाको माटोसहित सीधा पारेर रोप्नु पर्दछ । तर सिँचाइको पूर्ण सुनिश्चितता भएको ठाउँमा माघमा पनि रोप्न सकिन्छ । बिरुवा रोपेपछि वरिपरीबाट हल्का रुपमा थिच्नु पर्दछ । माटोको प्रकृति र खडेरीको अवस्था अनुसार कतिपय ठाउँमा मङ्सिर-माघमा बिरुवाहरु मर्ने गर्दछन् । तर जमिन भित्रको भाग मरेको हुदैन । यसबाटै उक्त बिरुवा फागुन-चैत्रमा पुनः पलाउने गर्दछ । ठाउँ अनुसार यो अवस्था ४ देखि ५ वर्षसम्म पनि रहन सक्दछ । त्यसपछि उक्त बिरुवा ह्वात्त बढ्छ र मर्न छोड्छ । एक हेक्टर जग्गाको लागि १,२०० गोटा बिरुवा (प्रति रोपनी ६० वटा) चाहिन्छ ।



## गोडमेल, सिंचाई र मलखाद

विरुवा रोपेको १ बर्षसम्म हरेक महिना विरुवा वरपरको झाडी, घाँस, झारपात उखेली सफा गर्नुपर्छ । एक वर्षपछि वर्षमा २ देखि ३ पटक गोडमेल गर्दा पनि हुन्छ । ४ देखि ५ वर्षपछि सुकेका र अनावश्यक हाँगाहरू काटँछाटँ गर्दै जानु पदर्छ । हाँगाको हल्का छँटाइले विरुवा छिटो बढ्छ । सुख्खा याममा सिंचाई गर्नु पर्दछ । विरुवाको वरिपरी खाल्डो बनाई पाकेको मल राख्दा विरुवाको बृद्धि राम्रो हुन्छ । यसको नयाँ हाँगामा लाहि किरा र ऐजेरुले सताउन सक्छ । त्यसको लागि प्राविधिकको सल्लाह अनुसार काम गर्नु पर्दछ ।

## बाली संकलन

उपयुक्त माटो, मल, चिस्यान र हावापानी भएको ठाउँमा टिमुरको विरुवा रोपेको दोश्रो वर्षदेखि नै फल फल्न थाल्दछ । तर पूर्ण रुपमा उत्पादन लिन ७ देखि ८ वर्ष सम्म लाग्न सक्छ । गुणस्तरिय उत्पादन लिन फल पाकेर रातो भएपछि असोज/कार्तिक महिनामा फल संकलन गर्नु पर्दछ । फललाई हाँगा नकाटी हातले वा पोष्ट हार्भेष्टरले संकलन गर्नु पर्दछ । एक जनाले एक दिनमा सामान्यतया ४ के.जी. सम्म टिमुर टिप्न सक्दछ । १० देखि २५ वर्षको बोटबाट ५ के.जी. सम्म टिमुर उत्पादन हुन सक्तछ । संकलित फललाई छाँयामा सुकाएर ग्रेडिङ्ग गरी हावा नछिर्ने बोरामा हालेर ओभानो ठाउँमा भण्डारण गरी राख्नु पर्दछ ।



## बजार

टिमुर परम्परादेखि नै मसला र आयुर्वेदिक औषधिको रुपमा प्रयोग हुँदै आइरहेको छ । विश्व बजारमा फल र तेलको माग रहेको छ । बजारमा सुकेको टिमुर प्रति के.जी. रु. २५००-३५०० सम्ममा बिक्री हुने गरेको छ । उपयुक्त ठाउँमा रहेको यसको बोटबाट १०० वर्षसम्म पनि उत्पादन लिन सकिन्छ ।

## निष्कर्ष

लमजुङ जिल्लामा प्राकृतिक रुपमा टिमुर पाईन्छ । यस जिल्लामा टिमुर खेतीको राम्रो सम्भावना छ । डिभिजन वन कार्यालय आ.व. २०७७/०७८, २०७८/०७९ र २०७९/०८० मा टिमुर विरूवा उत्पादन र खरिद गरी क्रमशः ३५०, ११०५२ र ६८१५ गोटा टिमुर विरूवाहरु वितरण गरिएको ट । यस जिल्लाका छिनखोला, च्याम्चे, भुस्मे, खानीगाउँ, रिङटाङ, जगत, गौंडा, फुलनगिरी, ताजी, पासगाउँ, घलेगाउँ, ढोडेनी, काउलेपानी, मकैडाँडा, मोहरियाकोट, दुराडाँडा समेतमा खेती बिस्तार गर्ने कार्यमा विरुवा दिई डिभिजन वन कार्यालयले सहयोग गर्दै आएको छ । किसानको सक्रिय सहभागितामा बाँझो रहेका खेतवारीका साथै खेर गएको जमिन, ढिक, कान्ला, पाखामा टिमुर खेती गर्ने कार्य हुँदै आएको छ । सरकारी निकायको सहयोग र किसानको सक्रियाता रहेमा यस जिल्ला टिमुर खेतीको पकेट क्षेत्र बनाउन सकिन्छ । टिमुर खेतीबाट ग्रामीण किसानहरुको आयस्तर अभिबृद्धि गर्न ठूलो भूमिका हुने अपेक्षा गरिएको छ ।


**थप जानकारीका लागि**
डिभिजन वन कार्यालय लमजुङ, वेसीशहर
फोन नं.: ०६६-५२०१३५
*संकलन : पूर्णेश्वर सुबेदी*


# टिमुर खेती प्रवर्धनः एक जानकारी






गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय लमजुङ**
वेसीशहर


आ.व. २०७९/०८०

## परिचय

**नेपाली नाम** : टिमुर
**स्थानीय नाम** : राय टिमुर, रागे टिमुर, प्रुमो
**अंग्रेजी नाम** : Nepalese pepper, Toothache tree
**वैज्ञानिक नाम** : *Zanthoxylum armatum* DC.
**वनस्पतिक परिवार** : Rutaceae
**स्वरुप** : झाडी (सानो रुख)



टिमुर नेपालको एक लोकप्रिय मसला तथा औषधीजन्य पतझड तथा अर्धपतझड वनस्पति हो । धेरै हाँगा भएको यस प्रजातिको रुख ६ मिटरसम्म अग्लो हुन्छ । यसको काण्ड र हाँगामा करिब २ से.मि. लामा काँडा हुन्छन् । यसको पात अण्डाकार, संयुक्त (३-९ वटा सम्म सहायक पात हुने), किनारा काटिएको, टुप्पो तिखो र फेदमा मसिना पखेटा जस्तो हुन्छ । पातका रेसामा पनि मसिना काँडा हुन्छन् । यसको सेतो फुल झुप्पामा फुल्दछन् । यसका ४-५ मिलिमिटर व्यासका फलहरु पाकेपछि रातो-बैजनी रंगका हुन्छन् । फलभित्र कालो टल्कने सानो बिउ हुन्छ । फलको स्वाद हल्का तितो, पिरो, जिब्रो पर्पराउने र कडा वासनादारको हुन्छ ।

## टिमुरको प्राकृतिक वितरण

यो प्रजाति मलिलो माटो भएको ढुङ्ग्यान ठाउँमा राम्ररी सप्रिन्छ र चुत्रो, ऐसेलु, गुराँस, हाडेकाफल प्रजातिसङ्ग मिसिएको पाइन्छ । गण्डकी प्रदेशका म्याग्दी, पर्वत, बाग्लुङ, कास्की र गोरखा जिल्लामा टिमुर उत्पादन हुने गरेको छ । लमजुङ जिल्लामा टिमुर प्राकृतिक रुपमा पाईन्छ । यस जिल्लामा टिमूर खेती विस्तार डिभिजन वन कार्यालयले विगत तीन बर्ष देखि सहयोग गर्दै आइरहेको छ ।

## टिमुर खेतीका लागि उपयुक्त हावापानी



टिमुर उपोष्ण (महाभारत श्रृङखला) देखि समशितोष्ण (उच्च पहाडी भाग) प्रदेशीय हावापानी भएको पहारिलो ठाउँमा पाईन्छ । नेपालमा यो प्रजाति पूर्व देखि पश्चिमको १,००० देखि २,५०० मि. उचाईसम्म फैलिएको पाईन्छ । टिमुर १,७०० देखि २,२०० मि. उचाइ भएको पहारिलो, चिस्यान भएको, ६.५ देखि ७ पिएच भएको दोमट माटोमा राम्ररी हुर्कन्छ । कृषकले खेतबारीको साँध र अरू बाली नहुने बाँझो जमिनमा टिमुर खेती गर्ने गरेको पाइन्छ । अरू बालीका लागि उपयुक्त नहुने जग्गा पनि टिमुर खेतीका लागि उपयुक्त मानिन्छ ।

## टिमुरको उपयोगिता

नेपालमा टिमुरलाई परम्परा देखि नै मसला र औषधीको रुपमा प्रयोग गर्दै आएको पाइन्छ । यसलाई रुघा, खोकी तथा ज्वरोको औषधिको रुपमा उपयुक्त मानिन्छ । यसको फल, बोक्रा र बिउलाई वायु, पेट सम्वन्धि रोग, दाँतको दुखाई, हैजा, टनिक, जंगली जुका र पेट भित्रको जुका मार्ने औषधिको रुपमा प्रयोग गरिन्छ । आयुर्वेदिक उत्पादनहरु विशेषत दन्तमन्जनमा पनि प्रयोग गरिन्छ ।

## विरुवा उत्पादन

### (क) बिउबाट विरुवा उत्पादन

पहारिलो ठाउँको स्वस्थ बोटमा रातो-बैजनी रङ भएका फलहरु असोज-कार्तिकमा सङ्कलन गर्नु पर्दछ । संकलित फललाई खुला छायाँमा सुकाएर शुद्ध बीउ तयार पार्नु पर्दछ । शुद्ध बीउलाई बालुवासङ्ग रगडेर मनतातो पानीले राम्ररी धोई २४ देखि ४८ घण्टासम्म पानीमा भिजाएर तयारी नर्सरी वेडमा कार्तिक-मङ्गसिरमा एकनासले छर्नुपर्दछ । छरिएका बीउलाई बीउको दोब्बर बाक्लो हुने गरी माटोले राम्रोसंग ढाक्नु पर्दछ । बीउ छरी सकेपछि चिस्यान राखिराख्न छापो हाल्नु पर्छ । तापक्रम सन्तुलन गर्न सेतो प्लाष्टिकको टनेल बनाउँदा राम्रो हुन्छ । उपयुक्त तरिकाले सिँचाइ गरी चिस्यान र तापक्रमको उचित सन्तुलन कायम भएमा २० देखि २५ दिनमा यसको बीउबाट बिरुवा अङ्कुराउन थाल्दछ । नर्सरीमा टिमुरको बीउ एकैपटक उम्रदैन । क्रमशः उम्रदै जान्छ । उम्रेका बिरुवा ४ पाते हुनासाथ ३"×७" वा ४"×७" साइजका पोलिथिन थैलामा उपयुक्त मिश्रण बनाएको माटो, बालुवा र मल मिलाएर भरिएका तयारी सार्नु पर्दछ । सामान्यतया बीउको उम्रने क्षमता २०% देखि २५% हुन्छ भने राम्रो परिपक्व बीउ भएमा ८०% सम्म उम्रन्छ । एक हेक्टर जमिनमा बेर्ना लगाउनका लागि करिब ५०० ग्राम शुद्ध बिउको आवश्यकता पर्छ ।



### (ख) कटिङ्गबाट बिरुवा उत्पादन गर्ने तरिका

मङसिर देखि माघ महिनामा १ देखि २ से.मी. व्यास भएका १ वर्ष पुराना हाङ्गालाई ७ से.मी. लम्बाई भित्र कम्तिमा ३ वटा आँख्ला पर्ने गरी काटिन्छ । यी कलमीलाई रुटेक्स ३ नम्बर, २ देखि ३% मा चोपेर सिधै पोलिथिन थैलामा रोपिन्छ । फागुनमा यी कलमीको आँख्लाबाट पात पलाउने र फूल फुल्ने गर्दछन् । सबै फूललाई काटेर हटाउनु पर्दछ । छहारी र सिँचाइको राम्रो प्रबन्ध मिलाउनु पर्दछ । कलमीबाट बिरुवा तयार पार्नका लागि २,००० देखि २,५०० मिटरको उचाइ भएको ठाउँ उपयुक्त हुन्छ ।



## जमीनको तयारी



चैत-बैशाख महिनामै ३०-४५ से.मी. गहिरा, ३०-४५ से.मी. व्यास भएका खाडलहरू ३×३ मिटरको दूरीमा खन्नु पर्छ । बिरुवा रोप्ने वेलामा प्रत्येक खाडलमा जङ्गलको मलिलो माटो वा कम्पोस्ट मलले भर्नु पर्छ ।